मोहनराज काफ्ले रहनु भएको छ। सामुदायिक वन उपभोक्ता महासंघले

आन्दोलनमा उत्रिएको महासंघले अनिश्चितकालीन धर्ना शुरु

निःशुल्क ... आफ्ना सदस्यलाई वितरण

गरेको छ।

# छैठौं कृषि, पर्यटन तथा व्यापार महोत्सव समापन

**□ गोविन्द खड्का**

घोराही, १८ फागुन। दाङ जिल्ला उद्योग वाणिज्य संघले घोराहीमा सञ्चालन गरेको छैठौं कृषि, पर्यटन तथा व्यापार महोत्सव २०८१ आइतबार समापन भएको छ। संघका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक बसन्त जोशीको अध्यक्षता, जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्माको प्रमुख आतिथ्यता एवं प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालको विशिष्ट आतिथ्यतामा भएको समापन कार्यक्रममा बोल्ने वक्ताहरुले उठेको रकम सदुपयोग गर्न सुझाव दिए। वक्ताहरुले एयरपोर्ट, औद्योगिक क्षेत्र, फोरलेनमा समन्वयात्मक भूमिका खेल्न उद्योग वाणिज्य संघलाई आग्रह गरे।

समापन कार्यक्रममा शोभायात्रामा सहभागीमध्येबाट उत्कृष्ट हुने युनिक नौमती बाजा संरक्षण समिति घोराही १३, द्वितीय नमूना सांस्कृतिक आमा समूह घोराही-१३, तृतीय गैरागाउँ गनारी टोल विकास संस्था घोराही-१७ लाई कदरपत्र र नगदले सम्मान गरिएको थियो। सान्त्वना गोदावरी इङ्लिस बोर्डिङ स्कुल घोराही-१३, रोल्पा कोटगाउँले समाज र नीलो टोल विकास संस्था घोराही-१८ लाई पनि कदरपत्र र नगदले सम्मान गरिएको थियो।

संघका उपाध्यक्ष ध्रुवकुमार गहतराजको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा नेपाली कांग्रेस क्षेत्रीय कोषाध्यक्ष गोपाल भुसाल, नेकपा एमाले जिल्ला सदस्य विवेक श्रेष्ठ, नेकपा माओवादी केन्द्रका घोराही नगर अध्यक्ष खिमबहादुर चौधरी (अटल), राष्ट्रिय जनमोर्चाका रामबहादुर जीएम, क्रान्तिकारी कम्युनिष्ट पार्टीका जिल्ला सचिव ईश्वरी प्रसाद गैरे, दाङ जिल्ला उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष मधुसूदन वैद्य, नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष सन्तोष सुवेदी, गढवा उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश वस्याल, कृषि विकास बैंक शाखा प्रमुख चिरञ्जीवी डिसीलगायतले मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा धन्यवाद सहसंयोजक एवं संघका उपाध्यक्ष लिलाराम खड्काले र सञ्चालन सहसंयोजक तथा संघका महासचिव महेन्द्र बुढाथोकीले गर्नुभएको थियो।

## आपसी....

भएको बताउनुभयो। कार्यक्रममा कांग्रेस सहमहामन्त्री जीवन परियार, नैनसिंह महर, पुष्पा भुसाल, भुवन श्रेष्ठ, राजु खनाल, गंगा शाही, मीन विश्वकर्मा, खेलराज पाण्डेय, कमला पाण्डेयलगायतका नेताहरुले कांग्रेसलाई बलियो बनाउन आन्तरिक एकता कायम गर्नुपर्नेमा जोड दिनुभएको थियो।


**शुद्ध पानी चाहिएमा**

**भण्डारी वाटर सप्लायर्स**

पिउने र घर निर्माणका लागि ठूलो ट्यांकर भएको, ३०० फिट गहिराइबाट बोरिङ गरिएको शुद्ध पिउने पानी उपलब्ध छ।

सम्पर्क स्थान:
०८२-५६३३९३, ९८१८८८५९७३
घोराही-१३ (नयाँ बसपार्कदेखि पश्चिम) दाङ


## श्री जनप्रिय सामुदायिक वन उपभोक्ता समूह

गढवा- १ कालाकाटे, दाङ

### काठ दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१।११।१९

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भै गढवा गा.पा. १ सामुदायिक वनको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल जातको काठ गोलिया थान १५० को ४८४।६१ क्यु. फिट, अस्ना गोलिया थान २७ को १३८।३७ क्यु. फिट, जामुन गोलिया थान ४२ को १६८।९०, प्यार गोलिया थान ३४ को १५१।५९ क्यु.फिट, वर्रो गोलिथा थान ४१ को २१७।६१ क्यु. फिट, वाभी गोलिया थान २ को ६।१० क्यु.फिट र सालको जर्ना (दाउरा) ५१०० चट्टा अन्य मिश्रित जर्ना (दाउरा) १००० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, सस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वनको सुचनापाटीमा, डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय र अन्य सरकारी कार्यालयमा समेत टाँस गरिएको छ।

**अध्यक्ष**

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, दाङ

## बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना !

प्रकाशित मिति : २०८१/११/१९

यस कार्यालयको फार्मेसी शाखाको फार्मेसी सेवाको लागि आवश्यक औषधि खरिद सम्बन्धी ठेक्का नं RPH/NCB/PHRMED/०१/०८१/०८२ मा खरिद कार्यको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियम अनुसार म्यादभित्र पर्न आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रहरुमा उल्लेखित उत्पादन कम्पनी तथा ब्राण्डहरु पूर्णरुपमा योग्य रहेका मध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागी छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने बोलपत्रदाता/ फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट बाहेक) रु. |
|---|---|---|---|
| RPH/NCB/PHRMED/01/081/082 | Medicine for Hospital Pharmacy | Mahesh Pharma Resunga–1, Glumi | 1304950/- (43 ITEMS) |
| RPH/NCB/PHRMED/01/081/082 | Medicine for Hospital Pharmacy | Mass Medisales Tulsipur–6, Dang | 5884620/- (155 ITEMS) |
| RPH/NCB/PHRMED/01/081/082 | Medicine for Hospital Pharmacy | Jay Mata Medicine Suppliers Tulsipur–6, Dang | 3431945/- (59 ITEMS) |
| RPH/NCB/PHRMED/01/081/082 | Medicine for Hospital Pharmacy | Him Sagar Medical Hall Prithivi Chowk, Pokhara | 5938750/- (80 ITEMS) |
| RPH/NCB/PHRMED/01/081/082 | Medicine for Hospital | A One Pharma | 1788180/-(56 ITEMS) |

Scanned with CamScanner